# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हरपुर, पर्सा
### मधेश प्रदेश, नेपाल
### (रोजगार सेवा केन्द्र)

मितिः-२०७८/११/१० गते

---

**सूचना !** **सूचना !!** **सूचना !!!**

## बेरोजगार व्यक्तिहरु सूचीमा सूचीकृत हुन निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

प्रस्तुत बिषयमा श्रम,रोजगार तथा सामाजिक सूरक्षा मन्त्रालबाट प्राप्त सूचना अनुसार प्रत्येक नेपाली नगरिकलाई रोजगारीको हक प्रत्याभुति गराउन तोकिएको मापदण्ड पुरा गरेको नेपाली नागरिकले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम १८ बर्ष देखी ५९ बर्षभित्रको बेरोजगार व्यक्तिहरु बेरोजगार सूचीमा सूचिकृत हुनका लागि यस नगरपालिका अन्तर्गत स्थायी बसोबास गरेको सम्बन्धीत वडा कार्यालयमा स्वंयम् उपस्थित भई फागुन मसान्त भित्र आ.व. २०७९/०८० को लागि अनुसूचि -१ बमोजिम विवरण उल्लेख गरी माग गरेको कागजात सहित आवेदकले आवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ । साथै विस्तृत जानकारीको लागि वडा कार्यालय वा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नु होला ।बेरोजगार व्यक्ति सूचिकरण सम्बन्धि व्यवस्था/मापदण्ड तथा कागजात अपुग भएमा सो आवेदन स्वतः रद्ध हुनेछ ।

### बेरोजगार व्यक्ति सूचिकरण सम्बन्धी व्यवस्था/मापदण्ड/आवश्यक कागजातहरुः-

(क) १८ देखि ५९ बर्ष उमेर समूहको हुनु पर्ने,

(ख) निवेदन दिदाँको मितिसम्म सोही आर्थिक बर्षमा न्यूनतम एक सय दिनको रोजगारमा संलग्न नभएको हुनु पर्ने,

(ग) स्वरोजगारमा संलग्न व्यक्तिको हक्मा निवेदन दिँदाको मितिसम्म सोही आर्थिक बर्षमा न्युनतम एक सय दिनको रोजगार बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय ( चालु आर्थिक वर्षको सन्दर्भमा रु ५७७००/-) भन्दा कम आय भएको हुनु पर्ने,

(घ) आवेदकको नागरिकताको फोटोकपी-१ प्रति

(ङ) आवेदकको फोटो- १ प्रति

(च) परिवारमा रहेको सदस्यहरुको नागरिकताको फोटोकपि

(छ) बसाईसराई भए सोको फोटोकपि -१ प्रति ( स्थायी विवरण खुलाउन हकमा)

(ज) विवाह दर्ताको फोटोकपी-१ प्रति (महिला आवेदकको स्थायी विवरण खुलाउन हकमा)

### सुचीकरण प्रक्रियाः-

(क) रितपूर्वक प्राप्त आवेदनलाई वडा कार्यालयले छाँनबिन गरी बेरोजगार ठहर हुने सबै मापदण्ड पुरा गरेको प्रमाणित गर्नु पर्ने ।

(ख) प्राप्त प्रमाणित निबेदनलाई स्थानीय निर्देशक समितिले थप छाँनबिन गरी बेरोजगार व्यक्तिको अन्तिम सूचि नगर कार्यापालिका स्वीकृतिको लागि सिफारिस गर्नु पर्ने ।

(ग) कार्यापालिकाले आवश्यक भए थप परिमार्जन समेत गरी बेरोजगार व्यक्तिको अन्तिम सूची स्वीकृत गर्नु पर्ने ।

(घ) स्थानीय तहले बेरोजगार व्यक्तिको व्यक्तिगत विवरण प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार व्यवस्थापन सूचना (EMIS) प्रणालीमा प्रविष्टि गरे पछि मात्र बेरोजगार व्यवस्थापन सूचना प्रणालीसँग भिडाई आधिकारीक विवरण प्राथमिकता साथ अन्तिम सूची निर्धारण गर्ने।

भरत प्रसाद यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

"न्यूनतम रोजगार – नागरिकको अधिकार"